# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जामुनवारी, झापा
१ नं. प्रदेश, नेपाल

०२३४०११४४
०२३४०११५५

website:www.kankaimun.gov.np
Email :kanakai.mun@gmail.com
info@kankaimun.gov.np

पत्र संख्या :- २०७८।७९
चलानी नं. :- ६४६

मिति २०७८/१०/०४

विषयः स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा पठाईएको सम्बन्धमा

श्री संघीया मामिला तथा सामान्य प्रशासान मन्त्रालय
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १
श्री जिल्ला समन्वय समितिको कार्यालय झापा ।

प्रस्तुत विषयमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकन कार्यविधि २०७७ बमोजिम यस कनकाई नगरपालिकाको आ.व. २०७७/०७८ को स्वमूल्याकन गरी कार्यपालिकाको मिति २०७८/०९/२९ गतेको बैठकवाट अनुमोदन गराई मूल्याकनको समग्र प्रति र कार्यपालिकाको निर्णय प्रति यसै साथ राखी पठाईएको व्यहोरा अनुरोध छ।

**बोधार्थ**
श्री सूचना प्रविधि शाखा, कनकाई नगरपालिका
(उल्लेखित नतिजा नगरपालिकाको वेवसाईड मार्फत प्रकाशन गर्ने )

मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

प्रारम्भिक नतिजा तयार हुँदै | प्रारम्भिक नतिजा पेश | 3 | 4 | 5 | 6

प्रारम्भिक नतिजा प्रमाणीकरणका लागि पेश भएको छ। कृपया स्वमूल्याङ्कन प्रकृया ...

## कन्काई नगरपालिका

### जम्मा प्राप्ताङ्क

**७७.७५%**

औसत


| | |
|---|---|
| समग्र स्थिति | ८६.१०% |
| प्रक्रियागत स्थिति | ६४.७१% |
| परिमाणात्मक स्थिति | ८३.३३% |


### नक्सा



### स्व-मूल्याङ्कन विषयक्षेत्रहरु

| | |
|---|---|
| शासकीय प्रवन्ध | ७७.७८% |
| संगठन तथा प्रशासन | ८७.५% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ७७.२७% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ९५.४५% |
| सेवा प्रवाह | ९०.६३% |
| न्यायिक कार्य सम्पादन | ७८.५७% |
| भौतिक पूर्वाधार | ७८.८५% |
| सामाजिक समावेशीकरण | ५०% |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ६१.११% |
| सहकार्य र समन्वय | ६६.६७% |




कन्काई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी झापा १ नं. प्रदेश नेपाल

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

मञ्जु प्रसाई
प्रमुख

राजेन्द्र कुमार पोखरेल
नगर प्रमुख
कन्काई नगरपालिका

| शासकीय प्रवन्ध | ७७.७८% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | १००% |
| प्रक्रियागत स्थिति | ५०% |
| परिमाणात्मक स्थिति | १००% |

| संगठन तथा प्रशासन | ८७.५% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | ५०% |
| प्रक्रियागत स्थिति | १००% |
| परिमाणात्मक स्थिति | १००% |

| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ७७.२७% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | १००% |
| प्रक्रियागत स्थिति | ५०% |
| परिमाणात्मक स्थिति | ९०% |

| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ९५.४५% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | १००% |
| प्रक्रियागत स्थिति | १००% |
| परिमाणात्मक स्थिति | ९०% |

| सेवा प्रवाह | ९०.६३% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | ८३.३३% |
| प्रक्रियागत स्थिति | ७५% |
| परिमाणात्मक स्थिति | १००% |

| न्यायिक कार्य सम्पादन | ७८.५७% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | १००% |
| प्रक्रियागत स्थिति | ६६.६७% |
| परिमाणात्मक स्थिति | ८३.३३% |

| भौतिक पूर्वाधार | ७८.८५% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | ९१.६७% |
| प्रक्रियागत स्थिति | ६२.५% |
| परिमाणात्मक स्थिति | ८३.३३% |

| सामाजिक समावेशीकरण | ५०% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | १००% |
| प्रक्रियागत स्थिति | २५% |
| परिमाणात्मक स्थिति | ५०% |

| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ६१.११% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | १००% |
| प्रक्रियागत स्थिति | ५०% |
| परिमाणात्मक स्थिति | ६०% |

| सहकार्य र समन्वय | ६६.६७% स्कोर प्रतिशत |
|---|---|
| तहहरु | स्कोर |
| समग्र स्थिति | ५०% |
| प्रक्रियागत स्थिति | १००% |
| परिमाणात्मक स्थिति | ६६.६७% |

रिपोर्ट टेबल

कमजोरीहरु हेर्नुहोस

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

मञ्जु प्रसाई
नगर उपप्रमुख

राजेन्द्र कुमार पोखरेली
नगर प्रमुख
कनकाई नगरपालिका

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी झापा
१ नं. प्रदेश नेपाल

आज मिति २०७८ साल पौष २९ गते बिहिबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्रीराजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक नगरपालिकाको कार्यालयमा बसियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख - | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख - | मञ्जु प्रसाई |
| ३. वडा अध्यक्ष - | रोशनराज पोखरेल |
| ४. वडा अध्यक्ष - | परशुराम गिरी |
| ५. वडा अध्यक्ष - | रुद्र प्रसाद चिमरीया |
| ६. वडा अध्यक्ष - | गोविन्द प्रसाद पौडेल |
| ७. वडा अध्यक्ष - | कृष्ण बहादुर राई |
| ८. वडा अध्यक्ष - | लक्ष्मी प्रसाद ओली |
| ९. वडा अध्यक्ष - | लीला बहादुर कन्दङ्वा |
| १०. वडा अध्यक्ष - | प्रेम बहादुर कट्वाल |
| ११. वडा अध्यक्ष - | प्रेम प्रसाद राजवंशी |
| १२. कार्यपालिका सदस्य- | सिता अधिकारी |
| १३. कार्यपालिका सदस्य- | साबित्रा बर्देवा |
| १४. कार्यपालिका सदस्य- | चुवालाल राजवंशी |
| १५. कार्यपालिका सदस्य- | देबेन्द्र कुमार दर्जी |
| १६. कार्यपालिका सदस्य- | कृष्ण माया भुजेल |
| १७. कार्यपालिका सदस्य- | सुनिता खरेल |
| १८. कार्यपालिका सदस्य- | नवलकिशोर दत्त कायस्थ |
| १९. कार्यपालिका सदस्य- | मुना बयलकोटी |
| २०. सदस्य सचिव प्र.प्र.अ.- | मोहन प्रसाद न्यौपाने |

अन्य :

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत | विवेक भण्डारी |
| २. स्वकीय सचिव - | विजय पाठक |
| ३. सू.प्र.अ.- | खगेन्द्र मिश्र |
| ४. लेखा सहायक- | लक्ष्मी प्रसाद अधिकारी |
| ५. अधिकृत (छैटौं) | हरि प्रसाद पौड्याल |
| ६. इन्जिनियर | कुशल इमागाई |

# कनकाई नगरपालिका

## १२९ औं नगर कार्यपालिका बैठक मिति २०७८/०९/२९

**प्रस्तावहरु**

१. समीक्षा सम्बन्धमा।
२. आ.व. २०७७/०७८ को स्थानीय तह संस्थागत स्वमूल्याङ्कन सम्बन्धमा।
३. आधारभुत स्वास्थ्य अस्पतालको निर्माण ठेक्काको कार्यादेश सम्बन्धमा।
४. रकम माग सम्बन्धमा।
५. अति विपन्न राहत सम्बन्धमा।
६. माई खोलाको नदीजन्य पदार्थको ठेक्का सम्बन्धमा।
७. शाखागत कार्य विवरण सम्बन्धमा।
८. सेवा करार सम्बन्धमा।
९. निर्णय कार्यान्वयन सम्बन्धमा।
१०. संस्था दर्ता सम्बन्धमा।
११. विविध सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को स्थानीयतह संस्थागत स्व-मुल्याङ्कन कार्यविधि बमोजिम निर्धारित सूचकहरुको आधारमा यस कनकाई नगरपालिकाको आ.व. २०७७/०७८ को मुल्याङ्कन गर्दा प्राप्तांकलाई अनुमोदन गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा वडा नं. ३ मा निर्माण गर्न लागिएको आधारभुत अस्पताल (१५ शैया) अस्पतालको E-Bidding भई न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई छनौट भएको कार्की बन्धु कन्स्ट्रकसन विराटनगरसँग यस अघि सम्झौता भएको तर बजेट उपलब्ध नभएकोमा कार्यादेश नदिएको परिपेक्ष्यमा हाल बजेट उपलब्ध भएकोले कार्यादेश दिई कार्य अघि बढाउने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय र कनकाई नगरपालिकाको लागत सहभागितामा कनकाई नगरपालिका वडा नं. ३ मा कनकाई सामुदायिक वनस्पती उद्यान तथा विज्ञान पार्क निर्माण गर्न ठेक्का आह्वान भई आशयको सुचना समेत प्रकाशित भईसकेकोले निज बोलपत्र दातासँग सम्झौता गरी रकम निकासा गर्नका लागि संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयलाई माग गर्ने निर्णय गरियो।